जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १५९ • २०८२ चैत्र १७ गते मंगलवार • 31 Mar. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## शहीद तथा घाइतेहरूको सम्मान, संरक्षण र अधिकार सुनिश्चित गर्न विधेयक तयारी प्रक्रिया तीव्र

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, १६ चैत्र



मधेश प्रदेशमा संघीयता प्राप्तिको आन्दोलनका क्रममा सहादत प्राप्त गरेका शहीद तथा घाइतेहरूको सम्मान, संरक्षण र अधिकार सुनिश्चित गर्न लक्षित विधेयक तयारी प्रक्रिया तीव्र बनेको छ । यस सम्बन्धमा सोमबार सरोकारवाला निकायहरूबीच विस्तृत छलफल सम्पन्न भई सहमतिको प्रारम्भिक खाका तयार भएको छ ।

मुख्यन्यायाधिवक्ता कार्यालयको पहलमा आयोजित उक्त छलफलमा कानुनी विज्ञ, आन्दोलनमा सक्रिय व्यक्तित्व, पीडित परिवारका प्रतिनिधि तथा नागरिक समाजका अगुवाहरूको सहभागिता रहेको थियो । छलफलमा शहीद तथा घाइतेहरूको पहिचान, वर्गीकरण, सेवा सुविधा र दीर्घकालीन संरक्षणका विषयमा गम्भीर बहस भएको सहभागीहरूले बताए । मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता डा. सुनिल रञ्जन सिंहले संघीयता आन्दोलनको योगदानलाई संस्थागत गर्न यो विधेयक ऐतिहासिक बन्न सक्ने बताए । उनले भने, 'संघीयता कुनै सामान्य राजनीतिक उपलब्धि होइन, यो जनताको बलिदानबाट स्थापित व्यवस्था हो । त्यसैले शहीद तथा घाइतेहरूको योगदानलाई कानुनी रूपमा मान्यता दिनु राज्यको दायित्व हो । हामीले तयार गरिरहेको विधेयकले उनीहरूको सम्मान मात्र नभई जीवनस्तर सुधारमा पनि ठोस आधार निर्माण गर्नेछ ।' उनका अनुसार विधेयकमा शहीद परिवारलाई विशेष सुविधा, घाइतेहरूको उपचार तथा पुनर्स्थापना, शिक्षा र रोजगारीमा प्राथमिकता जस्ता प्रावधानहरू समेट्ने तयारी भइरहेको छ ।

साथै, शहीद तथा घाइतेको आधिकारिक अभिलेख व्यवस्थापन गर्न डिजिटल प्रणाली विकास गर्ने विषय पनि प्राथमिकतामा राखिएको उनले जानकारी दिए । छलफलमा सहभागी सरोकारवालाहरूले विगतमा भएका प्रतिबद्धता कार्यान्वयन नभएको गुनासो गर्दै यसपटक प्रभावकारी कानुनी संरचना बन्नुपर्नेमा जोड दिएका थिए । उनीहरूले शहीदको परिभाषा स्पष्ट हुनुपर्ने, राजनीतिक हस्तक्षेपबाट मुक्त प्रमाणिकरण प्रक्रिया हुनुपर्ने र दीर्घकालीन सामाजिक सुरक्षा सुनिश्चित गरिनुपर्ने सुझाव दिए । मुख्यन्यायाधिवक्ता सिंहले सरोकारवालाबाट आएका सुझावहरूलाई विधेयकको मस्यौदामा समेटिने प्रतिबद्धता जनाउँदै भने, 'यो कागजी प्रक्रिया नभई पीडित परिवारको भावना र संघर्षको सम्मान हो । त्यसैले सबै पक्षको सहमति र सहभागितामा विधेयकलाई परिष्कृत गरिनेछ ।'

प्रदेश सरकारले अब तयार सहमतिको खाकालाई अन्तिम रूप दिई मन्त्रिपरिषद् हुँदै प्रदेशसभामा पेश गर्ने तयारी गरिरहेको जनाएको छ । यदि विधेयक पारित भएमा मधेश प्रदेशमा संघीयता आन्दोलनका शहीद तथा घाइतेहरूको अधिकार सुनिश्चित गर्ने पहिलो समग्र कानुनी व्यवस्था कार्यान्वयनमा आउने विश्वास गरिएको छ । सरकार र सरोकारवालाबीच बनेको यो सहमतिले लामो समयदेखि उठ्दै आएको माग सम्बोधन हुने विश्वास गरिएको छ ।

## ऐतिहासिक निर्णय, दलित समुदायसँग औपचारिक माफी माग्ने सरकारको घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ चैत्र




प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको सरकारले दलित तथा ऐतिहासिक रूपमा बहिष्कृत समुदायसँग औपचारिक रूपमा क्षमायाचना गर्ने ऐतिहासिक निर्णय गरेको छ ।

मन्त्रिपरिषद्बाट स्वीकृत 'शासकीय सुधार सम्बन्धी १०० बुँदे कार्यसूची' मार्फत सरकारले विगतमा राज्य, समाज र नीतिगत संरचनाबाट भएका अन्याय, विभेद र अवसरबाट वञ्चित गरिएका अवस्थालाई स्वीकार गर्ने घोषणा गरेको हो ।

कार्यसूचीको बुँदा नम्बर ५ अनुसार सामाजिक न्याय, समावेशी पुनर्स्थापना र ऐतिहासिक मेलमिलापको आधार निर्माण गर्न राज्यका तर्फबाट विधिवत् रूपमा माफी मागिनेछ । सरकारले आगामी १५ दिनभित्र औपचारिक क्षमा याचनासहित सुधारमुखी विशेष कार्यक्रम सार्वजनिक गर्ने प्रतिबद्धता जनाएको छ । यो कदमलाई नेपालमा सामाजिक न्याय र समावेशी शासन तर्फको महत्वपूर्ण मोडका रूपमा हेरिएको छ ।

## नियमित प्रगती र समिक्षा बैठक तथा अन्तरक्रिया सम्पन्न



जलेश्वरटुडे समाचारदाता
महोत्तरी, १६ चैत्र

जिल्ला हुलाक कार्यालय, महोत्तरीले पालिकास्तरीय हुलाक कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूसँग सोमबार नियमित प्रगती र समिक्षा बैठक तथा अन्तरक्रिया सम्पन्न गरेको छ । जिल्ला हुलाक कार्यालयका प्रमुख राम चन्द्र साहले सहभागीहरूलाई सेवाग्राहीबाट कुनै किसिमको गुनासो नआउने किसिमले सेवा प्रवाह गर्न निर्देशन दिएका छन् । संघीय सरकारले हुलाकलाई थप जिम्मेवारी दिनसक्ने सम्भावना रहेको उच्च मनोबलका साथ पालिकास्तरमा जिम्मेवारी निर्वाह गर्नुपर्ने बताए ।

महोत्तरी जिल्लामा जलेश्वर नगरपालिकाबाहेक १४ वटा पालिकामा पालिकास्तरीय हुलाक कार्यालय छ ।

GYAN GANGA INT'L PUBLIC SCHOOL

शैक्षिक सत्र २०८३ का लागि नयाँ भर्ना कार्यक्रम
(कक्षा १ देखि कक्षा ७ सम्मका लागि मात्र)
प्रवेश परीक्षा फारम बितरण मिति २०८२ चैत्र ८ गते देखि।

प्रवेश परीक्षा २०८३
उत्कृष्ट १० जना विद्यार्थीहरूलाई पूर्ण छात्रवृत्ति



प्रवेश परीक्षा:
२०८३ साल वैशाख ३ गते देखि वैशाख ५ गते सम्म
समय: बिहान ११ बजे देखि

परीक्षा फल प्रकाशन:
२०८३ साल वैशाख ३ गते देखि वैशाख ५ गते सम्म
समय: प्रत्येक दिन १ बजे पछि

नामांकन:
२०८३ साल वैशाख ३ गते देखि
समय: बिहान १० बजे देखि ४ बजे सम्म

कक्षा सञ्चालन:
२०८३ साल वैशाख ६ गते, आइतबार
समय: बिहान १० बजे देखि

"भोलिको सफल भविष्य आजबाट सुरु!"

थप जानकारीको लागि सम्पर्क गर्नुहोस्: 9828414721/ 9844027971
ठेगाना: Janakpurdham-4, Murali Chowk (Opposite to Provincial Election Office)

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence




# बालेन सरकारलाई सघाउँन जरुरी

नेपालमा २०८२ साल फागुन २१ गते समपन्न प्रतिनिधि सभा चुनावको मतपरिणाम आए पश्चात बनेको प्रधानमन्त्री बालेन शाहको सरकारको नेतृत्वलाई अहिले सबै नेपालीले स्वीकार गर्नु पर्ने तथा सघाउन जरुरी रहेको देखिन्छ। किनभने बिक्रम सम्बत् २००७ सालमा प्रजातन्त्र आए पछि अहिले सम्मको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था आउन्जेलसम्मको विभिन्न कालखण्डमा कैयौं प्रधानमन्त्री,मन्त्री तथा साँसदले जुनसुकै ठाउँहरुबाट नेतृत्व गरे पनि नेपालमा जनताले चाहेको सुशासन,विधिको शासनको पूर्णरुपमा पालना,भ्रष्टाचारको अन्त्य,बलात्कार,आतंक,आर्थिक असक्षमता लगायतका कमीकमजोरीहरु हटाउन सकेका छैनन्। विभिन्न क्षेत्रमा आफ्नै बेथितिहरु तथा आलोपालो सरकार बनाउने र खसाउने खेलले नेपाल द्वण्द्वमा अल्झेको परिवेश सबैलाई अवगत नै छ।

तर अब बनेको नयाँ सरकार अर्थात दुई तिहाईको बालेन सरकारले अघि सारेको १ सय दिनको देश विकासका कार्यक्रमहरुले सबै नेपाली जनताको मन तान्नुका साथै अहिले छिमेकी देशहरुमा समेत सकारात्मक चर्चा चलेको देखिन्छ। शैक्षिक सुधारदेखि भ्रष्टाचार अन्त्य गर्न चालेका विभिन्न कदमहरु सराहनीय देखिन्छन् । देशको आर्थिक भार कम गर्न मन्त्रालयको संख्या घटाउनेदेखि विभिन्न सार्वजनिक संस्थानहरु खारेजी तथा मर्ज गर्ने निर्णयहरु समेत देशलाई आर्थिक रुपमा सबल बनाउने पक्का देखिन्छ । महिलामैत्री निःशुल्क बस सेवा,डिजिटल सेवाको विकास,हुलाक मार्फत विभिन्न सरकारी सेवाहरु घरमै प्राप्त गर्ने गराउने व्यवस्था,उद्योग दर्ता तथा लगानीको वातावरण तयार गर्न गराउन गरिएका निर्णयहरु स्वागत योग्य देखिएकाले बालेन सरकारलाई अझै काम गर्न सबै आम नेपालीले सघाउन जरुरी देखिन्छन् । अब हामीसँग अर्को विकल्प पनि नरहेको सर्वबिदितै छ ।

# एसइई परीक्षा सञ्चालनमा कुनै किसिमको लापरबाही नहुने

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ चैत्र**

मधेस प्रदेश सरकारका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले एसइई परीक्षा विद्यार्थीको भविष्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील विषय भएकाले यसको सञ्चालनमा कुनै किसिमको लापरबाही हुन नहुने बताएकी छन् ।



शिक्षा तथा संस्कृति मन्त्रालय मधेस प्रदेशको आयोजनामा आज जनकपुरधाममा विद्यालय शिक्षा परीक्षा एसइई-२०८२ लाई व्यवस्थित, मर्यादित र निष्पक्ष रूपमा सञ्चालन गर्ने उद्देश्यले आयोजित प्रदेशस्तरीय समन्वय बैठकमा मन्त्री तिवारीले परीक्षा शान्त, व्यवस्थित र मर्यादित वातावरणमा सम्पन्न गराउन सबै सम्बन्धित निकायलाई जिम्मेवार र सक्रिय भूमिका निर्वाह गर्न निर्देशन दिइन् । मन्त्री तिवारीले परीक्षालाई थप कडाइका साथ सञ्चालन गरिने स्पष्ट पार्दै परीक्षा केन्द्रमा मोबाइल फोन लैजान पूर्ण रूपमा निषेध गरिएको बताइन् । यदि कुनै परीक्षार्थीले मोबाइल साथमा ल्याएको पाइएमा सो मोबाइल जफत गरी नष्ट गरिने उनले बताइन् । उनले विद्यार्थी तथा अभिभावकलाई कुनै पनि प्रकारको लापरबाही नगर्न आग्रह गर्दै नियमको पूर्ण पालना गर्न अपिल गरिन्। मन्त्री तिवारीले परीक्षा केन्द्रहरूको सुरक्षा व्यवस्थापन, प्रश्नपत्रको गोपनीयता, नक्कल नियन्त्रण तथा अनुगमनलाई प्रभावकारी बनाउन विशेष जोड दिँदै सम्बन्धित जिल्ला प्रशासन, सुरक्षा निकाय र शिक्षा निकायबीच समन्वय मजबुत बनाउन आग्रह गरिन् ।

बैठकमा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेल, मधेस प्रदेश प्रहरी कार्यालयका प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, शिक्षा तथा संस्कृति मन्त्रालयका निमित्त प्रदेश सचिव दिलीपकुमार ठाकुर, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बराल, शिक्षा विकास निर्देशनालय मधेस प्रदेशका निमित्त निर्देशक महेन्द्र महतो लगायतले आ-आफ्नो धारणा राखे ।

# संशोधन गर्न ल्याइएको विधेयक मधेश प्रदेश सरकारद्वारा फिर्ता



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १६ चैत्र**

बहुमत सदस्यको उपस्थिति बेवास्ता गर्दै गाउँसभा, नगरसभा र जिल्लासभा सञ्चालन सम्बन्धी कानुन संशोधन गर्न ल्याइएको विधेयक मधेश प्रदेश सरकारले फिर्ता लिएको छ ।

सोमबार बसेको प्रदेशसभा बैठकमा मुख्यमन्त्री कृष्णप्रसाद यादवले उक्त विधेयक फिर्ता लिएका हुन् । सोमबारको छलफलमा जनता समाजवादी पार्टी (जसपा) नेपालकी किरण साह, लोकतान्त्रिक समाजवादी पार्टीका सदस्य उपेन्द्र महतो, राजेन्द्र प्रसाद चौधरी र सञ्जयकुमार यादवले जनमतको सम्मान गर्दै विधेयक फिर्ता लिन आग्रह गरेका थिए ।

त्यसपछि प्रदेश सरकारले विधेयक फिर्ता लिएको हो । यो विधेयक मूलत: गाउँसभा/नगरसभा/जिल्लासभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ को दफा ५ को उपदफा (१) र (२) मा संशोधन गर्न ल्याइएको थियो ।






## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: मनमा पछुतो आउने
मिथून: अशुभ समाचार प्राप्त हुने
कर्कट: लामो यात्राको योग छ
सिंह: पिछडेको साथी मिल्ने
कन्या: मित्रतामा फाटो आउने
तुला: आम्दानी हुने
वृश्चिक: शुभ कार्यको शुरुवात
धनु: अनावश्यक चिन्ता
मकर: खानपानमा समस्या आउने
कूम्भ: अनावश्यक खर्चको संभावना
मीन: पढाईमा ध्यान दिनुपर्ने


## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# विश्व मध्यपूर्वमा अड्किएको बेला, दक्षिण एसियामा युद्धको अवस्था विकास हुँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ चैत्र



दशकौँदेखि, रणनीतिकारहरूले चेतावनी दिएका छन् कि दक्षिण एसियामा सबैभन्दा खतरनाक द्वन्द्व भारत र पाकिस्तान बीच छ। कारण सरल देखिन्थ्यो: सङ्कट र द्वन्द्वको लामो इतिहास भएका दुई आणविक हतियारधारी विरोधीहरू ।

गत वर्ष दुई देशहरूले ८८ घण्टाको गतिरोधको क्रममा मिसाइल आक्रमण आदानप्रदान गर्दा यो विश्वास अझ बलियो भयो, जसले गर्दा उनीहरू अर्को ठूलो द्वन्द्वको छेउमा पुगे । विश्वको ध्यान मध्यपूर्वमा संयुक्त अमेरिकी-इजरायली सैन्य अपरेसनमा केन्द्रित हुँदा, अझ अस्थिर द्वन्द्व चुपचाप अन्यत्र फैलिरहेको छ। मार्च १६ मा, काबुलको लागूपदार्थ पुनर्वास केन्द्रमा पाकिस्तानी हवाई आक्रमणमा लगभग ४०० नागरिकको मृत्यु भएको बताइएको छ। जसले २,६०० किलोमिटर लामो डुरान्ड रेखामा पाकिस्तान र अफगानिस्तान बीचको हप्ता लामो सैन्य द्वन्द्वमा ठूलो वृद्धि भएको सङ्केत गर्दछ ।

यो कुनै पृथक् घटना होइन, तर दक्षिण एसियाको सुरक्षा वातावरणमा व्यापक परिवर्तनको अंश हो। यस क्षेत्रको सबैभन्दा खतरनाक गल्ती रेखा अब कश्मीरको नियन्त्रण रेखामा नभई पाकिस्तान र अफगानिस्तानलाई छुट्टाउने बढ्दो सैन्यकृत सीमामा छ । यदि पश्चिमी सरकारहरूले यस द्वन्द्वलाई तुच्छ ठानेर बेवास्ता गर्न जारी राखे भने, तिनीहरूले यस क्षेत्रको स्थिरतालाई गहिरो रूपमा परिवर्तन गर्न सक्ने द्वन्द्वलाई बेवास्ता गर्ने जोखिम उठाउँछन्, जसको परिणाम उपमहाद्वीपभन्दा बाहिरसम्म फैलिएको छ ।

# अनमोलको जन्मदिनमा फिल्म 'बाटुलो जून' को प्रदर्शन घोषणा

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ चैत्र




फिल्म 'बाटुलो जून' नयाँ वर्ष (२०८३) दसैंको फूलपातीको छेको पारेर असोज ३० गते रिलिज हुने भएको छ । निर्माण युनिटले सोमबार अभिनेता अनमोल केसीको जन्मदिनको अवसर पारेर फिल्मको प्रदर्शन मिति घोषणा गरेको हो ।

सनराइज पिक्चर्स प्रालिको ब्यानरमा निर्माण भएको फिल्ममा अनमोल र प्रिन्सी खतिवडाको मुख्य भूमिका छ । फिल्मको फष्टलुक समेत सार्वजनिक भएको छ। जसमा अनमोल र प्रिन्सी फिचरिङ छ । पूर्णिमाको टहलाउँदो जूनलाई पृष्ठभूमिमा राखिएको पोस्टरमा अनमोलले एक हातमा तत्कालीन परिवेशको प्रकाशको प्रतिबिम्ब राँको बोक्दा अर्को हातले प्रिन्सीको पाउजु सहितको खुट्टा समाएका छन् । ग्रामीण परिवेशको प्रेमकथा जोडिएको फिल्म जिया केसी र भविष्य खड्काले निर्माण गरेको हो । अभिनेता भुवन केसीले निर्देशन गरेको फिल्ममा भुवन केसी, अनमोल केसी, प्रिन्सी खतिवडा, नेन्सी खड्का, प्रकाश घिमिरे, रेअर राई, दीपक केसी, श्वेता मिश्र, लक्ष्मी गिरी, शारदा गिरी, लक्ष्मीनाथ तिमिल्सिना, शिशिर शिवाकोटी, अर्पणा घतानी, विविका पौडेल र कमल देवकोटाको अभिनय समावेश छ । फिल्म काठमाडौं, म्याग्दी, नुवाकोट, चित्लाङ र पोखरा लगायतका स्थानमा छायाङ्कन गरिएको छ । तेजविक्रम केसी फिल्मका कार्यकारी निर्माता छन् भने लेखन सामिप्यराज तिमिल्सेना र सरिन पोखरेलको छ ।

# सरकारको सय बुँदे एक्सन प्लान: १८० दिनभित्र रोकिएका सबै पीपीए खुल्ने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ चैत्र



सरकारले सार्वजनिक गरेको १०० बुँदे कार्यसूचीमा ऊर्जा र जलस्रोत क्षेत्रलाई विशेष प्राथमिकता दिँदै एक महिनाभित्र 'ऊर्जा निर्यात रणनीति' तयार गर्ने लक्ष्य अघि सारेको छ ।

मन्त्रिपरिषद्‌को निर्णयअनुसार विद्युत् उत्पादनदेखि प्रसारण र निर्यातसम्मका अवरोध हटाउन १८० दिनभित्र ठोस निर्णय लिइनेछ । विशेष गरी, लामो समयदेखि रोकिएका विद्युत् खरिद सम्झौता (पीपीए) र अनुमतिपत्र सम्बन्धी विवादहरूलाई ६ महिनाभित्र टुङ्ग्याउने सरकारी योजना छ। साथै, नेपाल विद्युत् प्राधिकरणको संरचनात्मक सुधारका लागि नयाँ मार्गचित्र तयार गरी कार्यान्वयन गरिनेछ। ऊर्जा क्षेत्रमा स्वदेशी, विदेशी र डायस्पोरा लगानी आकर्षित गर्न बहुआयामिक वित्तीय संरचना विकास गर्ने नीति पनि सरकारले लिएको छ। सरकारको यो कदमलाई निजी क्षेत्रले उत्साहजनक रूपमा स्वागत गरेको छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का अध्यक्ष गणेश कार्कीले पीपीए खुलाउने र निर्यात रणनीति बनाउने निर्णयले लगानीकर्तामा नयाँ आशा जगाएको बताए ।

उनले उत्पादन र प्रसारणमा निजी क्षेत्रलाई समेट्ने नीतिले ऊर्जा व्यापार विस्तारमा ठूलो सहयोग पुग्ने विश्वास व्यक्त गरे । यसका साथै, खानेपानी क्षेत्रको समस्या समाधानका लागि 'एकीकृत खानेपानी समन्वय टास्कफोर्स' गठन गरिने भएको छ, जसले ३० दिनभित्र सुधारको प्रस्ताव पेश गर्नेछ ।

# एचजेएनबीएलमा आर्मीको नवौं जित

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, १६ चैत्र




विभागीय टोली त्रिभुवन आर्मी क्लबले हिमालयन जाभा नेशनल बास्केटबल लिग (एचजेएनबीएल) २०२६ मा नवौं जित हात पारेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा आइतबार राति सम्पन्न खेलमा आर्मीले रोएललाई १०२-७५ ले पराजित गरेको हो ।

आर्मीले पहिलो क्वाटरमा २४-२१ को अग्रता बनाएको थियो भने दोस्रो क्वाटरमा ३३-८ को फराकिलो अन्तरको अग्रता बनाउँदै हाफटाइससम्म ५७-२९ को अग्रता बनाएको थियो। तेस्रो क्वाटर आर्मीले २०-१८ ले आफ्नो पक्षमा पार्दा चौथो क्वाटर भने रोएलले २८-२५ ले आफ्नो पक्षमा पारेको थियो। आर्मीले १० खेल खेल्दा नवौं जित हात पारेको हो। आर्मीसँगै गोल्डेनगेट र टाइम्सको पनि १० खेलबाट समान १९ अंक छ। अंक अन्तरमा गोल्डेनगेट अघि रहँदै पहिलो स्थानमा छ भने आर्मी दोस्रो र टाइम्स तेस्रोमा छ। आर्मीका लागि निश्चल महर्जनले सर्वाधिक २२ अंक स्कोर गरे। आर्मीका सयुन राई म्यान अफ दि म्याच घोषित भए। नेपाल बास्केटबल संघ (नेबा) को आयोजनामा भइरहेको दोस्रो संस्करणको एचजेएनबीएलमा ८ टिमले प्रतिस्पर्धा गरिरहेका छन् ।

डबल राउण्ड रोबिनका आधारमा हुने लिगमा कूल ५६ खेल हुनेछ । लिग चरणपछि शीर्ष चारमा रहने टोली प्लेअफमा प्रवेश गर्नेछन् ।






# बलात्कारका घटना निराकरण गर्न अब कसले के गर्ने ?

-बिहान ब्युँभिmएपछि सुनिने/पढिने समाचार हुन्, बालिका तथा महिलामाथिका आततायी बलात्कारका घटना- सात वर्षमा १४ हजार महिला बलात्कृत, ६ हजार ३ सय ६३ बालिका । आखिर किन ? के यो समाज भयानक अपराधतिर उन्मुख भइरहेको संकेत हो ?

एक चौध वर्षको बालकले चार वर्षीय बालिकालाई बलात्कार गरेर हत्या गरेको खबर, जसले जो कसैको मन भmसंग बनाउँछ । बभmाङकी १२ वर्षीय बालिकालाई बलात्कारपछि हत्या गरेर मन्दिर परिसरमा फालिएको घटना होस् या जनकपुरमा ५ वर्षीय बालकमाथि अप्राकृतिक यौन सम्बन्ध राखेर घाँटी थिचेर हत्या गरिएको घटना ।

अहिले फेरि इनिसा विकको बलात्कारपछि हत्याको खबरले उनका परिवार र सिंगो समाज नै आक्रान्त छ । अहिले टिकटकमा सुमधुर सुनिने एउटा गीत भाइरल भइरहेको छ- नछेक कान्छा नछेक बाटो घर जान आँटेको । बलात्कारको घटनापछि यो गीतको माधुर्यता हरायो । प्रेम जोडीहरूले प्रेम मात्रै गर्दा रहेनछन् । बाटोघाटो, वनजंगल घुम्न जाँदा किशोरी प्रेमिकालाई बलात्कार गरेर मृत्यु नै पो उपहार दिँदा रहेछन् । बलात्कार घटनामा परिवार र समाजको संलग्नता: केही वर्ष अगाडि एक घटना सर्वत्र समाचारमा आयो । बभmाङकी एक एक्काइस वर्षीय युवतीमाथि उनको परिवारबाट नै भएको यौनजन्य दुर्व्यवहारले हाम्रो समाज कता छ भन्ने सोच्न बाध्य बनाउँछ । ती युवती अर्धचेत अवस्थामा उपचार गराइरहेको बारे पनि मिडियाले जानकारी गरायो । उनको शरीरलाई आफ्नै ससुरा, लोग्ने, सासू, नन्देभाइ मिलेर बेचेका छन्, बलात्कार गरेका छन् । यहाँसम्म कि उनको स्थायी बन्ध्याकरणसमेत गराएका छन् । गरिबीले, यौनिक विकृतिले, अचेतनाले या केले ती घरका परिवारलाई यतिसम्म एक निरीह महिलालाई घरपरिवारको सदस्य बनाएरै खेलबाड गर्न सघायो ? यो एउटा उदाहरण काफी छ- हाम्रो समाजले महिला शरीरलाई कसरी भोगचलन र बेचबिखनसम्म गर्न पछि पर्दैन भन्ने बुभmन । संरचनागत परम्परागत पितृसत्तात्मक व्यवस्था र चलनले नै कतिपय यौनजन्य हिंसाहरूको प्रवर्द्धन नै गरिरहेछन् । हाम्रा नेतृत्व व्यवस्था यो बहस गर्न डराइरहेको छ- पुरुष र महिलाले एकअर्कालाई बुभmने क्रममा पुरुष महिलाभन्दा शक्तिशाली छ भनेर सिकाइएको हो । यसको अर्थ यो पनि होइन कि सबै पुरुष बलात्कारी प्रवृत्तिका हुन्छन् । तर, हाम्रा धर्म ग्रन्थ, संस्कृति अनि तीबाटै प्रभावित नीति-नियम महिला विभेदी छ, तिनैले महिलालाई यौनिक वस्तु बनाइएका छन् ।



कतिपय मानिसको दृष्टिकोणमा महिलाका छोटा र पारदर्शी पहिरनले बलात्कार बढिरहेको छ । ती भन्छन्- महिलाले पढे-लेखेर मात्र के गर्नु ? आफ्नो मनलागी कपडा लगाएर निस्फिक्री बाहिर हिँड्छन् अनि यस्ता घटना घटिहाल्छ नि । लवाइकै कारण बलात्कार हुन्छ भन्ने सोच दूषित सोच हो । यौनजन्य घटनामा परेका पीडित र परिवारका सदस्यलाई मुद्दा फिर्ता लिन पीडक पक्षबाट धम्क्याइन्छन् । र, भविष्यमा हुने लाञ्छना, विभेदको डरले पनि बलात्कार भइसकेपछि पीडित पक्षहरू खुलेर बलात्कारको हिंसाबारे बोल्न सकिरहेको पाइँदैन । सबै पीडितले पीडकविरुद्ध बदलाको भावना राखेर अघि बढ्न पनि सक्दैनन् । बलात्कार, हत्याजस्ता घटनाविरुद्ध सबै समुदाय, संगठन, महिला, पुरुष मिलेरै अगाडि बढ्नुपर्ने हुन्छ । यसका सामाजिक संरचनाको जरो किलो पनि पत्ता लगाउनुपर्ने हुन्छ । बलात्कारका घटनामा मनोवैज्ञानिक, मनोसामाजिक कारण : कतिपय अवस्थामा बलात्कार अनि त्यसपछि हत्याको विषयलाई लिएर मनोसामाजिक, मनोवैज्ञानिक पक्ष पनि अध्ययन, अनुसन्धान गर्नुपर्ने विषय उठिरहेका छन् । यौन हिंसा पुरुषले महिलालाई, पुरुषले पुरुषलाई र महिलाले पनि पुरुष या महिलालाई नै पनि गर्न सक्छन् । संसारभरिको घटना हेर्ने हो भनेचाहिँ पुरुषले महिलामाथि गरेका यौन हिंसा नै बढी छन् । पुरुषले महिला या बालिकालाई गर्ने यौन हिंसाको सामाजिक संरचनात्मक पाटाहरू छन् । ती पाटो भनेका पुरुषप्रधान समाज, लैंगिकताको सामाजिक अवधारणा, जातीय छुवाछूत, विभेद र धर्म, संस्कृतिको पाटो एक हो ।

फेरि त्यही समाजमा बस्ने समुदायका व्यक्तिको मनोवैज्ञानिक र मनोसामाजिक पाटोले पनि प्रमुख भूमिका खेलिरहेको हुन्छ । यी विभिन्न मनोवैज्ञानिक पाटोलाई पनि नजरअन्दाज गर्न मिल्दैन । यस्तै आशय व्यक्त गर्न डा. कल्याण सुवेदीले आफ्नो जानकारीमूलक भिडियोमार्फत सन्देश दिन खोजेका छन् । व्यक्तिको सानैदेखिका पारिवारिक पृष्ठभूमि हुन्छन् नै । मदिरालगायत अन्य लागूऔषधको प्रयोगको आदत, घरमा बाबुले आमालाई गर्ने व्यवहार, दाजुभाइले दिदीबहिनीलाई गर्ने व्यवहार, छरछिमेक, समाजमा छोरा र छोरीलाई गर्ने व्यवहार बालबालिकाहरूले सानैदेखि अवलोकन गर्दै र सिक्दै आइरहेका हुन्छन् । अपराधमा सरिक हुने खालका युवा तथा किशोरले केही न केही उपद्रो गरी नै रहेका हुन्छन् ।

**सांभार : कान्तिपुर ।**













प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday